# मनसुन पूर्व तयारी कार्य योजना-२०७८

**योजना तयार पार्नेः**

**जिल्ला विपद् व्यवस्थापन समिति**

**तनहुँ**

## विषय सूची

### परिच्छेद १

१. परिचय

१.१ पृष्ठभूमी

१.२ तनहु जिल्लामा बाढी पहिरो तथा अन्य प्रकोपको प्रभाव

१.३ जिल्लाको समष्टिगत वस्तु स्थिति

क.जिल्ला परिचय

ख. भौगोलिक अवस्था, सिमा तथा क्षेत्रफल

ग. जनसंख्या

घ. जिल्लाको बाढी पहिरो संकटासन्नताको अवस्था

### परिच्छेद २

२. योजनाको तयारीको अवस्था, उद्देश्य र आवश्यकता

२.१ योजना तयारीको विद्यमान अवस्था

२.२ कार्य योजनाको उद्देश्य

२.३ योजनाको आवश्यकता

२.४ योजनाको अपेक्षित उपलब्धि

२.५ कार्य योजनाका सीमाहरु

### परिच्छेद ३

३. क्षमता बिष्लेषण तथा योजना निर्माण प्रक्रिया

३.१ क्षमता विश्लेषण

३.१.१.जनशक्ति

३.१.२ भौतिक स्रोत

३.१.३ योजना निर्माण प्रक्रिया

## परिच्छेद ४

४. जिम्मेवारी तथा योजना

४.१ सम्वद्ध निकाय तथा जिम्मेवारी

४.२ मनसुनको आपतकालीन कार्य योजना

परिच्छेद १

## १. परिचय

वर्षातको समयमा जिल्लामा पर्नसक्ने बाढी पहिरो लगायतका जोखिमको प्रभाव न्युनीकरण तथा पूर्व तयारीको अभ्यासको रुपमा यो मनसुनको आपतकालीन कार्य योजना-२०७८ तयार गरिएको छ।

योजनाको कार्यान्वयनको लागि जिल्ला विपद् व्यवस्थापन समिति तनँहूको समन्वयमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, जिल्ला समन्वय समिति, जिल्लाका स्थानीय तहहरुमा गठित स्थानीय विपद् व्यवस्थापन समितिहरु, जिल्लामा क्रियाशील राजनैतिक दलहरु, विपद् क्षेत्रमा कार्य गर्ने सरकारी तथा गैरसरकारी निकायहरुले महत्वपूर्ण भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ।

यस मनसुनको आपतकालीन कार्य योजना-२०७८ लाई आधार मानी स्थानीय तहहरुका स्थानीय विपद् व्यवस्थापन समितिहरुले आ-आफ्ना क्षेत्रमा मनसुनको समयमा हुने प्रकोप र यसबाट देखा पर्ने जोखिम न्यूनीकरण गर्न आवश्यक कार्य योजना बनाई लागु गरिने नै छ ।

### १.१ पृष्ठभूमी

नेपाल विश्वका मुलुकहरु मध्ये एक भूकम्पीय जोखिमको हिसावले ११ औं, पानीजन्य प्रकोपबाट हुने क्षतिका हिसावले ३० औं र जलवायु परिवर्तनको जोखिमका हिसाबले चौंथो स्थानमा रहेको छ । विपद्को हिसावले नेपाल संसारमा अंति संवेदनशील (Hot Spot) क्षेत्रमा अवस्थित छ ।

विपद्का दृष्टिकोणले नेपाल संकटाभिमुख देशहरूको सूचीमा पर्दछ । नेपालमा विभिन्न समयमा आइपरेका विभिन्न किसिमका संकट तथा विपद्हरूबाट व्यापक रुपमा धनजनको क्षति हुँदै आएको छ । नेपालको मुख्य विपद्को रुपमा बाढी, पहिरो, भूकम्प, खडेरी, रोग, झाडापखाला, महामारी, हिमताल विष्फोट, आगलागी, हुरी बतास, असिना, चट्याङ्ग तथा सडक दुर्घटनाहरू रहेका छन्। यी मध्ये मुख्य संकट वा विपद्को रुपमा बाढी पहिरो, झाडापखाला तथा महामारी, हुरी बतास र आगलागीका घटनाहरू रहेका छन्। यी घटनाहरूबाट धेरैको अकालमा ज्यान जानुका साथै ठूलो मात्रामा भौतिक संरचनाहरु एवं प्राकृतिक संपदाको क्षति हुने गरेको अवस्था छ ।

### १.२ तनहुँ जिल्लामा बाढी पहिरो तथा अन्य प्रकोपको प्रभाव

पहिरोको आधारमा घिरिङ्ग गाउँपालिका, रिसिङ्ग गाउँपालिका, देवघाट गाउँपालिका, बन्दिपुर गाउँपालिका, आँबुखैरनी गाँउपालिका उच्च जोखिममा रहेको पाईन्छ ।

त्यस्तै शुक्लागण्डकी नगरपालिका, भिमाद नगरपालिका, व्यास नगरपालिका, भानु नगरपालिका आदि बाढी/पहिरोका कारणले जोखिममा रहेको स्थलहरु मानिन्छन् ।

प्रमुख जिल्ला अधिकारी

जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

### १.२.१ गत वर्ष २०७७ मा वाढी/पहिरोका कारण भएको क्षतिको विवरण

| न.पा./गा.पा.हरु | मानवीय क्षति | | | पशुपंक्षि/चौपाय/दोपाय | | | निजि आवास क्षति | | उच्च जोखिम मा रहेका घरहरु | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | मृत्यु | घाइते | वेपत्ता | मृत्यु | घाइते | वेपत्ता | पूर्ण | आंसिक | | |
| व्यास न.पा. | ५ | ० | १ | - | - | - | ७७ | ३५ | - | |
| भानु न.पा. | २ | ० | ० | - | - | - | ३२ | ७ | - | |
| शुक्ला गण्डकी न.पा. | ० | ० | ० | - | - | - | २१ | २ | - | |
| भिमाद न.पा. | ० | ० | ० | - | - | - | २९ | १ | - | |
| आंवुखैरेनी गा.पा. | ० | ० | ० | - | - | - | ६ | १ | - | |
| वन्दीपुर गा.पा. | ० | ० | ० | - | - | - | १३ | ३ | - | |
| ऋसिङ गा.पा. | ५ | २ | ० | - | - | - | २ | १ | - | |
| घिरिङ गा.पा. | ० | ० | ० | - | - | - | ८ | ० | - | |
| देवघाट गा.पा. | ० | ० | ० | - | - | - | १८ | ० | - | |
| म्याग्दे गा.पा. | १ | ० | ० | - | - | - | ४१ | ४८ | - | |
| जम्मा | १३ | ० | १ | - | - | - | २४७ | ९८ | - | |

### १.३ जिल्लाको समष्टिगत वस्तु स्थिति

#### क) जिल्ला परिचय

यस जिल्लाको नाम तनहुं कसरी रहयो भन्नेसम्बन्धमा हालसम्म कुनै ऐतिहासिक तथा सांस्कृतिक तथ्य फेला नपरे पनि यहाँका गाउँहरू जस्तैः मानहुँ, किहुँ, काहुँ आदिको अन्त्यमा हुँ आउने नामको प्रभाव परेकोले यसको नाम तनहुँ रहन गएको हो भन्ने विश्वास गरिन्छ । आध्यात्मिक कथन अनुसार तनहुँसुर र मानहुँमा क्रमशः तनुहूनु र मानहूनु (चिउँडो ठूलो र सानो) भएका ऋषिले तपस्या गरेका हुनाले भाषामा अपभ्रंस भई तनुहुनुबाट यस जिल्लाको नाम "तनहुँ" रहन गएको भन्ने एक प्रकारको किम्बदन्ती रहेको छ । यसैगरी तनहुँसुरमा रहेका तीनवटा उच्च थुम्काहरू (तीनथुम्की) लाई तत्कालीन राज्यकालमा त्रितुङ्ग भनिन्थ्यो । त्यसैवाट पछि अपभ्रंस भै तनहुँ नामकरण रहन गएको हो भन्ने पनि एकथरी अनुमान रहेको छ ।

प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

ख) भौगोलिक अवस्था, सिमा तथा क्षेत्रफल

नेपालको मध्यवर्ती भागमा पर्ने यो जिल्ला पूर्वमा गोरखा र चितवन, दक्षिणमा चितवन र नवलपरासी (ब.सु.पू.) र पश्चिममा स्याङ्जा र कास्की तथा उत्तरमा कास्की र लमजुङ्ग जिल्लाहरुद्वारा परिवेष्ठित छ । समुद्र सतहबाट १८७ मि. (देवघाट गा.पा.को कालीगण्डकी र त्रिशूली नदीको संगमस्थल) देखि २१३४ मि. (छिम्केश्वरी डाँडा) सम्मका भू-भागहरूमा फैलिएर रहेको यस जिल्लाको क्षेत्रफल १५४६ वर्ग कि.मी. (४,६०० हे.) (नेपालको कुल भू-भागको १.०५५) रहेको छ । जिल्लाको - पश्चिमूर्व लम्बाई ६२.५ कि.मि. र उत्तर - दक्षिण चौडाई ४३.७ कि.मि. रहेकोछ । जिल्ला सदरमुकाम दमौलीबजार समुद्र सतह देखि ३७० मि.को उचाइमा रहेको छ । औषत वर्षा २०५८ मि.मि. रहेको छ भने, अधिकतम तापक्रम ४१ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ३ डिग्री सेल्सियस सम्म हुने गर्दछ । भौगोलिक दृष्टिले दक्षिणतर्फ चुरे(१.१५५) र उत्तर तर्फ मध्यपहाडी(९८.८५५) क्षेत्रहरू मिली बनेको यो जिल्लामा पूर्व तर्फ हिमालय पर्वतबाट निस्केका मर्स्याङ्गदी र त्रिशूली नदीहरूले तथा दक्षिण तर्फ, कालीगण्डकी नदीले घेर्नुका साथै मादी र सेती नदीहरू बीच भू-भागबाट प्रवाह भई जिल्लालाई जल सम्पदामा समेत धनी बनाएका छन् ।

ग. जनसंख्या तथा राजनैतिक विभाजन

राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाको कुल जनसंख्या ३,२३,२८८ (नेपालको जनसंख्याको १.२२५) रहेकोमा सो मध्ये १,७९,८७८ (५५.६४५) महिला र १,४३,४१० (४४.३६५) पुरुष जनसंख्या रहेको छ । जनसंख्या वृद्धिदर जम्मा ०.२५५ रहेकोछ । जिल्लामा ७८,३०९ घरधुरीहरू २,३६२ वस्तीहरूमा छरिएर रहेका छन् । साक्षरता ८४.९८ ५ रहेको छ भने ५३,१३० परिवारले खाना पकाउन दाउरा प्रयोग गर्ने गर्दछन्। त्यसैगरी ८६.५१५ हिदु, ९.४४५ बौद्ध, १.२८५ मुस्लिम, १.६९५ क्रिश्चियन र १.०८५ अन्य धर्मावलम्वीहरू बसोबास गर्ने यस जिल्लामा जातिगत हिसाबले हेर्दा २८.५ मगर, १३.५५ ब्राहमण, १२.१७ गुरुङ्ग, १०.७९५ क्षेत्री, ७.५५४ नेवार, १५.६९५ दलित (कामी, दमै, सार्की, सुनार, गन्धर्व) र १२.२६५ अन्य जातिका मानिसहरू बसोबास गर्दछन् । प्रशासनिक दृष्टिले ४ नगरपालिका, ६ गाउँपालिका, ४ प्रदेश निर्वाचन क्षेत्र र २ संघिय निर्वाचन क्षेत्रमा विभाजित रहेको छ ।

घ. मनसुनको समयमा घट्न सक्ने प्रकोपहरुको संकटासन्नताको अवस्था

| सि.नं. | प्रकोप | प्रकोप संकटाभिमुख क्षेत्रहरु |
|---|---|---|
| १ | पहिरो | शुक्लागण्डकी न.पा. वडा नं. १-१०, भिमाद न.पा. वडा नं.१,५,६,७,८ भानु न.पा.वडा नं.१ देखी ५,४,६,१०,११, व्यास न.पा. वडा नं.७,८,९,११, १२ आबुखैरेनी गा.पा. वडा नं.४, ६ ऋषिङ्ग गा.पा. वडा नं. १,२,६,७,८, घिरिङ गा.पा. वडा नं. ३,४, ५ बन्दिपुर गा.पा. वडा नं. १,३,४,५,६ म्याग्दे गा.पा. वडा नं. १,२,३ देवघाट गा.पा. वडा नं. ४,५ |
| २ | बाढी | व्यास न.पा. वडा नं. १,२,३,४,५,७,८,९,१०,११,१३ आँबुखैरेनी गा.पा. वडा नं. १,२,३, ४ शुक्लागण्डकी न.पा. वडा नं. २,३,४,५,६,७,८,९,१० भानु न.पा. वडा नं. ११, १३ भिमाद न.पा. वडा नं १ देवघाट गा.पा वडा नं ४,५, रिस्ती, साँगे खोलासँग जोडिएका |

| | | |
|---|---|---|
| | | न.पा. र गा.पा. हरू, नाउदी र पाउदी खोलासँग जोडिएका न.पा. र गा.पा. हरू, क्याडदी, चुँदी, मादिसेती, फिर्दि खोला र चुदी खोला र म्याग्देखोला संग जोडिएका न.पा. तथा गा.पा.हरू |
| ३ | माहामारी | जिल्लाका सबै न.पा. तथा गा.पा.हरु |
| ४ | हावा हुरी/चटयाङ्ग | जिल्लाका सबै न.पा. तथा गा.पा.हरु |
| ५ | सडक दुर्घटना | पृथ्वी राजमार्गको मुग्लिङ्ग-कोत्रे खण्ड र सो सँग जोडिएका सहायक मार्गहरू |
| ६ | कोभिड-१९ कोरोना माहामारी | जिल्लाका सबै न.पा. तथा गा.पा.हरु |

## परिच्छेद २

## २. योजनाको तयारीको अवस्था, उद्देश्य र आवश्यकता

### २.१ योजना तयारीको विद्यमान अवस्था

मनसुनको समयमा घट्न सक्ने विभिन्न प्रकोपका घटनाहरु र यसबाट सृजना हुने विपदको अवस्थामा तत्काल खोज,उध्दार तथा राहत वितरण लगायतका विपद व्यवस्थापकीय कार्यहरु प्रभावकारी रुपमा संपादन गर्न गराउन मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तयार गरी कार्यान्वयनमा ल्याइएको थियो ।

गत वर्षको प्रस्तुत योजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजना २०७७(अध्यावधिक २०७८),स्थानीय तहहरुका स्थानीय विपद जोखिम नन्यूनीकरण तथा जलवायु अनुकुलन योजना, विपद व्यवस्थापनमा राष्ट्रिय कार्य नीति एवं प्रतिकार्य ढाँचा समेतबाट प्राप्त पृष्ठपोषण आधारमा जिल्लामा रहेका सुरक्षा निकायहरु,सरकारी तथा गैर सरकारी संघ/संस्थाहरु, स्थानीय विपद व्यवस्थापन समितिहरु तथा समुदायहरुको विद्यमान क्षमताको अधिकतम् उपयोग गर्ने गरी मनसुन पूर्वतयारी तथा प्रतिकार्य योजना २०७८ तर्जुमा गरिएको छ ।

### २.२ कार्ययोजनाको उद्देश्य

गर्मी मौसमको शुरुआत संगै बर्षातका कारण सृजना हुन सक्ने जोखिमहरुको बिश्लेषण गर्दै त्यस प्रति सजग रहन, राहत तथा उद्धार कार्यका लागि जिल्ला स्थित सम्पूर्ण सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन समिति, सम्बन्धित गाउँपालिका तथा नगरपालिकाहरुको स्थानीय विपद व्यवस्थापन समितिहरु साथै स्थानीय समुदायको प्रभावकारी परिचालन गरी राहत तथा उद्धार कार्यलाई योजनाबद्ध रुपमा छिटो छरितो र विश्वसनीय बनाउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ ।

सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

## २.३ योजनाको आवश्यकता

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४, विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ तथा विपद व्यवस्थापन सम्वन्धमा प्रचलित राष्ट्रिय कार्यढाँचा लगायतका कानूनद्वारा निर्दिष्ट दायित्व पुरा गरी विपदको समयमा प्रभावकारी प्रतिकार्यद्वारा जनउत्तरदायी सरकारको प्रत्याभूत गराउन प्रस्तुत योजना अपरिहार्य देखिन्छ ।

## २.४ योजनाबाट अपेक्षित उपलब्धि

यो योजनाको तयारी पश्चात निम्न उपलब्धि हाँसिल भएको हुनेछः

१. मनसुनका कारण उत्पन्न हुने जोखिमको पूर्वानुमान गरी न्यूनीकरणमा सहयोग पुग्नेछ।
२. राहत संकलन एवं उद्धारको लागि सरकारी तथा गैरसरकारी निकायहरुको अधिकतम परिचालन भएको हुने छ।
३. मनसुनका कारण उत्पन्न हुनसक्ने विपदमा प्रतिकार्यका लागि सम्वद्ध निकायहरु तयारी अवस्थामा रहने छन्।
४. अविरल वर्षाबाट निम्तिने जोखिमबाट बच्न स्थानीय संचार माध्यमबाट सन्देशमुलक सूचना प्रवाह हुने छ।
५. विपद्को घटना घटेको अवस्थामा सम्वद्ध निकायले खेल्न सक्ने भूमिका स्पष्ट हुनेछ।
६. यस पूर्व तयारी योजना मनसुनबाट सृजित जोखिमको प्रतिकार्यको निम्ति मार्गदर्शन हुनेछ।

## २.५ कार्य योजनाको सीमा

प्रस्तुत मनसुनको आपतकालीन कार्य योजना-२०७८ जिल्लाको समग्र अवस्थालाई मध्यनजर गरी तयार पारिएको छ। यद्यपि मनसुनको समयमा देखिन सक्ने विपदबाट पर्ने सामाजिक आर्थिक वा भौतिक असर विभिन्न समुदाय वा स्थानीय तह पिच्छे फरक हुन सक्छ।

अतः यस योजनालाई स्थानीय तहबाट सुक्ष्म ढंगबाट विश्लेषण गरी तहाँबाट तयार पारिने विपद् पूर्व तयारी योजनाहरुमा समेट्नु पर्ने हुन्छ।योजना मुताविक तय भएका कार्यक्रमहरु कार्यान्वयन गर्न एवं विपद्को समयमा तत्काल राहत एवं उद्धार कार्यका लागि सम्वध्द सरकारी तथा गैर सरकारी संघ/संस्थाहरु एवं स्थानीय तहमा आर्थिक श्रोत, भौतिक श्रोत साधनहरु तथा जनशक्तिको व्यवस्था समेत हुनु पर्ने देखिन्छ।स्थानीय तहले स्थानीय स्तरमा मनसुन पूर्व तयारी कार्य योजना बनाउदा प्रस्तुत कार्य योजनालाई एक खाका र मार्गदर्शनको रुपमा लिन सक्ने छ।स्थानीय तहले तयार पारेको योजना कार्यान्वयनमा जिल्ला विपद् व्यवस्थापन समितिले समन्वयकारी भूमीका रहन्छ।

परिच्छेद ३

## ३. क्षमता विश्लेषण तथा योजना निर्माण प्रक्रिया

### ३.१.क्षमता विश्लेषण

#### ३.१.१ जनशक्ति

विपदको समयमा खोज तथा उद्धार एवं आपतकालिन सुरक्षा र राहत वितरण कार्यमा खटिन निम्न अनुसारका जनशक्ति उपलब्ध हुनेछन् ।

| सि.नं. | जनशक्ति गराउने निकाय/संस्थाहरु | उपलब्ध हुने जनशक्ति | | समन्वयकर्ता |
|---|---|---|---|---|
| | | दक्ष/तालिम प्राप्त | अदक्ष | |
| १ | नेपाली सेना,कालीभन्जन गण(ई.) दमौली व्यारेक | १"से.मु.जनशक्ति | - | प्र.जि.अ./गणपति |
| २ | नेपाल प्रहरी(जि.प्र.का.तनँहू) | २५ जना प्रहरी सुरक्षाकर्मी | - | प्र.जि.अ./प्र.उ. |
| ३ | सशस्त्र प्रहरी बल नेपाल | विपद व्यवस्थापनमा विशेष तालिम प्राप्त जनशक्ति १५ जना ।विपद उद्दारमा परिचालन हुन सक्ने जनशक्ति १ कंपनी (१६०) जना सुरक्षाकर्मी | - | प्र.जि.अ./स.प्र.उ. |
| ४ | नेपाल रेडक्रस सोसाइटी | प्राथमिक उपचार (FMR)स्वंसेवक ६ जना पुर्व तयारी स्वंसेवक १० जना खोज तथा उद्दार स्वंसेवक ६ जना | - | प्र.जि.अ./ने.रे.सो.जिल्ला सभापति |
| ५ | स्थानीय तहहरु/समुदाय | आ-आफ्ना क्षेत्रमा आवश्यकतानुसार | | जि.स.स.प्रमुख/प्र.जि.अ./स्थानीय तहका प्रमुख तथा अध्यक्ष |

सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

३.१.२. भौतिक स्रोत साधन

विपदको समयमा खोज तथा उध्दार, सुरक्षित स्थान्त्रण एवं आपतकालिन राहत सहयोगका लागी देहायका निकाय/संघ/संस्थाहरुवाट निम्नानुसारका भौतिक श्रोत साधनहरु उपलव्ध हुनेछ ।

| सि.नं. | निकाय/संघ/संस्था | उपलव्ध हुने सामाग्रीहरु |
|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय तनँहू | सेफ्टी हेलमेट ६,रव,रगमबुट ८,रेसक्यू भेष्ट १५,लाइफ ज्याकेट १० साबेल ७ क्रोवार ८ मेटल बकेट ११ वेईष्ट बेग १३ स्ट्रेचर ६ क्याप १० ग्लोवस् २ थ्रो व्याग ५ ट्रापोलिन १५ ब्लाडकेट ५ हेडलाइट ६ रवर म्याट्रेस ८ इमर्जेन्सी लाइट ३ रवर ट्युव १७ फुट पम्प २ वोल्ट कटर ३ रेस्क्यु ह्यामर २ स्ट्याटिक रुप ५ Screw Gate carabineers 10 Figure of 8 carabineers 10 Fire Rope Ladder 2 Fire extinguisher 1 |
| २ | नेपाली सेना कालीभन्जन गण | ट्युव - २थान, नाईलनडोरी १००मिटर, जुटको डोरी १००मिटर, स्टेचर - २ थान, लाईफज्याकट १५ थान, बाल्टी - २ थान , १०लि.को बाल्टी - २ थान, १५लि.को २थान, , कोदालो - २ थान ,गैची - १५ थान, बन्चरो - ६ थान, भर्‍याङ - २ थान, खुर्पा - १० थान, Fire Extinguisher - १ थान ,Drill machine -२ थान, CSSR Equipment,water and air rescue equipment, Fire fighting Equipment |
| ३ | जिल्ला प्रहरी कार्यालय तनँहू | ट्यूब-२, नाइलन डोरी-१०० मिटर, जुट डोरी-१०० मिटर, स्टेचर-२ थान, लाईफ ज्याकेट १५, बाल्टी (१० लीटरको)-२ थान, बाल्टी (१५ लीटरको) -२ थान, कोदालो-५ थान, गैंची-१५ थान, बन्चरो -६ थान, भऱ्याङ-२ थान, खुर्पा-१० थान, Fire extinguisher -१, Drill Machine-२ |
| ४ | सशस्त्र प्रहरी बल नेपाल नं.२३ गण हे.क्वा.मनकामना | लाईफ ज्याकेट-२५ थान, ट्यूब-१ थान, पिक साबेल-१८ थान, बाल्टी-६ थान, स्टेचर-४ थान, फलामको गल- १ थान,घन-३ थान, प्राथमिक उपचार बाकस - ६ थान, फरुवा - ५ थान, गैंची-३ थान, छिनो-४ थान, बन्चरो-४ थान,प्लास्टिक डोरी -४ वण्डकल, हेडलाईट-५ थान, ईमरजेन्सी/टर्च लाईट-२ थान, ट्राफिक ज्याकेट-५ थान, स्लिपिङ्ग ब्याग-२ थान,Swatter-2, Shovel-2, Rake Hoe-2, Jumpsuit-2, Glove-7, Helmet-11, Fire Extinguisher-3 |
| ५ | ने.रे.सो.तनँहू | गैर खाध्य सामाग्री ५० सेट |
| ६ | तनँहू उध्योग वाणिज्य संघ | आवश्यकतानुसार खाध्यन्न सामाग्री संकलन गरिने |
| ७ | स्थानीय विपद व्यवस्थापन समितिहरु | आवश्यकतानुसार खाध्यन्न तथा गैर खाध्यन्न सामाग्री संकलन गरिने |

सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

३.१.३ योजना निर्माण प्रक्रिया

- विपद व्यावस्थापनसंग सम्वन्धित ऐन कानून तथा नीति/कार्यविधिहरुको अध्ययन ।
- सरकारी निकाय तथा गैर सरकारी संघ/संस्था, स्थानीय विपद व्यावस्थापन समितिहरु तथा सम्वध्द/सरोकारवालाहरुको क्षमता विश्लेषण ।
- संभावित संकटाभिउन्मुख क्षेत्रहरुको जोखिम नक्साङ्कन ।
- मनसुनको समयमा प्रकट हुन सक्ने संभाव्य प्रकोपहरुको विश्लेषण ।
- विषय क्षेत्रगत समूहहरुको जिम्मेवारी बाँडफाड ।
- विपदको समयमा खोज उध्दार तथा आपतकालिन सुरक्षा लगायतका प्रतिकार्यको समय सिमा निर्धारण ।

## परिच्छेद ४

## ४. जिम्मेवारी तथा योजना

### ४.१ सम्वद्ध निकाय तथा जिम्मेवारी

विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना २०७६( अध्यावधिक २०७७) मा निर्दिष्ट कार्य योजनालाई आधार मानेर जिल्ला स्थित पहिचान भएका विभिन्न निकायहरू मध्ये मुख्यगरी मनसुनको समयमा गर्नुपर्ने पूर्वतयारी तथा प्रतिकार्यसँग सम्वन्धित निकायहरुको भूमिका र जिम्मेवारी निम्न तालिकामा प्रस्तुत गरिएको छ।

| क.सं. | निकायको नाम | जिम्मेवार व्यक्ति | जिम्मेवारी |
|---|---|---|---|
| १. | जिल्ला प्रशासन कार्यालय | प्रमुख जिल्ला अधिकारी | ▪ समन्वयात्मक र नेतृत्वदायी भूमिका निर्वाह गर्ने,<br>▪ आवश्यकता अनुसार प्रदेश तथा केन्द्रीय स्तरमा सहयोग(मानवीय, आर्थिक र भौतिक सहयोगको लागि समन्वय गर्ने। |
| २. | सुरक्षा निकाय(नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरी) | सुरक्षा निकाय प्रमुख | ▪ खोज तथा उद्धार कार्यका लागि सक्रिय रहने ।<br>▪ जोखिमको समयमा सुरक्षा व्यवस्था गर्ने ।<br>▪ विषयगत समितिमा रही सहयोग गर्ने । |
| ३. | जिल्ला समन्वय समिति | जिल्ला समन्वय समिति प्रमुख | ▪ स्थानीय तहहरूसँग समन्वय गर्ने।<br>▪ विपद् सम्वन्धि सूचना संकलनमा सहजिकरण गर्ने।<br>▪ अनुगमन गर्ने। |
| ४. | नगरपालिका तथा गाँउपालिकाहरु | प्रमुख/अध्यक्षहरु | ▪ जोखिमबाट प्रभावित हुन सक्ने जनसंख्याको पहिचान गर्ने।<br>▪ जोखिमयुक्त ठाँउ, बस्ती तथा समुदायको पहिचान |

| | | | |
|---|---|---|---|
| | | | गरी पूर्व तयारी योजना तर्जुमा गर्ने।<br>▪ गाँउपालिका तथा नगरपालिकास्तरको मनसुन पूर्व तयारी कार्य योजना तयार पार्ने।<br>▪ तत्काल उद्धारको लागि आवश्यक सामग्रीको व्यवस्थापन गर्ने।<br>▪ आवश्यकता अनुसार जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गर्ने। |
| ५. | राजनैतिक दलहरू (जिल्ला तथा स्थानीय स्तरका सम्पूर्ण राजनैतिक दलहरू) | दलका प्रमुखहरू | ▪ जिल्ला तथा स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यकतानुसार सल्लाह, सहयोग र मार्गदर्शन प्रदान गर्ने।<br>▪ स्रोत संकलनका लागि समन्वयकारी भूमीका निर्वाह गर्ने।<br>▪ स्थानीय तथा जिल्लास्तरमा जनपरिचालनमा सहयोग पु-याउने। |
| ६. | नेपाल रेडक्रस सोसाइटी | सभापति | ▪ प्रवन्धकारी भूमिका निर्वाह गर्ने।<br>▪ खाद्य/गैरखाद्य सामग्री तथा अस्थायी आवासको व्यवस्थापन गर्ने।<br>▪ सूचना सङ्कलन तथा सम्प्रेषणका लागि स्वयंसेवक परिचालन गर्ने।<br>▪ प्रकोपको समयमा आपत्कालिन आवास तथा बन्दोवस्ती व्यवस्थापनमा सहयोग गर्ने।<br>▪ विपद पछि क्षतिको लेखा जोखा (IRA/MIRA) |
| ७. | विषयगत सरकारी कार्यालय (जिल्ला स्वास्थ्य कार्यालय, कृषि ज्ञान केन्द्र, खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाइ आदि (Cluster lead and Co-lead) | कार्यालय प्रमुखहरू | ▪ विषयगत समितिमा रहि क्षेत्रगत अगुवा भूमिका निर्वाह गर्ने।<br>▪ सम्बन्धित क्षेत्रको आपत्कालिन योजना निर्माण गर्ने।<br>▪ आ-आफ्ना क्षेत्रमा राहत तथा पुर्स्थापनाका कार्यहरु गर्ने । |
| ८. | उद्योग वाणिज्य संघ | अध्यक्ष | ▪ उद्योग वाणिज्य संघमा आवद्ध व्यवसायीहरुलाई राहत सामग्री संकलन तथा वितरणका लागि आवश्यक सहयोग एवं समन्वय गर्ने।<br>▪ सुख्खा तथा तयारी खाना जस्तै: चिउरा, भुजा, |



प्रमुख जिल्ला अधिकारी

| | | | |
|---|---|---|---|
| | | | बिस्कुट आदि, खाद्य सामग्री संकलन, वितरण र व्यवस्थापनमा सघाउने। |
| ९. | यातायात व्यवसायी संघ | अध्यक्ष | ▪ राहत तथा उद्धार कार्यका लागि यातायातका साधनहरू र जनशक्ति उपलब्ध गराउने। |
| १०. | नेपाल पत्रकार महासंघ | संचार माध्यम, एफ.एम. र सञ्चार कर्मीहरू | ▪ तथ्यपरक सूचना संकलन तथा सम्प्रेषण गर्न संचार कर्मी र संचार माध्यामसँग समन्वय गर्ने। ▪ मनसुनको समयमा जनचेतनामूलक सूचना प्रवाह गर्न संचार कर्मी र संचार माध्यामसँग समन्वय गर्ने। |
| ११. | पेशागत व्यवसायी, निर्माण व्यवसायी, कृषक तथा जल उपभोक्ता, सामुदायिक वन उपभोक्ता महासंघ | अध्यक्ष | ▪ राहत, उद्धार तथा संरक्षण कार्यमा सहयोग। |
| १२. | गै.स.सं. महासंघ | अध्यक्ष | ▪ जिल्लाका सबै सदस्य गैससहरुसँग समन्वय गर्ने। ▪ जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई विपद् प्रतिकार्यका लागि आवश्यक सूचनाको स्रोत संकलनमा सहयोग गर्ने। |
| १३. | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गै.स.सहरु | प्रमुख | ▪ विपद्को समयमा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिलाई आवश्यक प्राविधिक सहयोग गर्ने, ▪ आवश्यक स्रोत संकलनमा सहयोग गर्ने, ▪ राहत तथा उद्धार सामग्री उपलब्ध गराउने, ▪ क्षमता विकास तथा सहजीकरण गर्ने। |

सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

४.२ मनसुनको आपतकालीन कार्य योजना

| क्र.सं | क्रियाकलापहरु | जिम्मेवार निकाय | समयावधि | अनुगमन गर्ने निकाय/ अधिकारी | अनुगमन सूचकांक |
|---|---|---|---|---|---|
| १. | स्थानीय विपद् व्यवस्थापन समितिहरुलाई मनसुनको आपतकालीन कार्य योजना तयार गर्न ढाँचा समेत पठाई सबै स्थानीय तहलाई अनुरोध गर्ने। | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय/विषयगत क्षेत्र अगुवा कार्यालय | वैशाख | जिल्ला समन्वय समिति प्रमुख | पत्रको छाँया कपी र योजनाको खाका उपलब्ध भएको हुनेछ । जिल्ला स्तरको मनसुन पूर्व तयारी तथा प्रतिकार्य योजनाको ढाँचा तयार भएको हुने छ । |
| २. | विषयगत क्षेत्र अगुवा सरकारी कार्यालय, सुरक्षा निकाय लगायत विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा कार्य गर्ने निकायहरुसँगको समन्वय बैठक बस्ने । | प्र.जि.अ, विषयगत क्षेत्र अगुवा कार्यालय, स्थानीय तह , जिल्ला अगुवा सहयोगी निकाय (DLSA), नेपाल रेडक्रस, सुरक्षा निकाय, गैसस | जेठ | जिल्ला समन्वय समिति प्रमुख | बैठकको माइन्युटको प्रति उपलब्ध भएको हुनेछ । |
| ३. | मनसुन पूर्व तयारी तथा प्रतिकार्यमा क्रियाशिल रहने सरोकारवालाहरुको नक्सांकन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय र विपद् सम्पर्क व्यक्ति | वैशाख र जेष्ठ महिना | प्र.जि.अ | सरोकारवालाको सूची उपलब्ध भएको हुनेछ । |
| ५. | खोज तथा उद्धार टोलीको सूची अद्यावधिक गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति सचिवालय तथा स्थानीय विपद् सम्पर्क व्यक्ति | जेष्ठ महिना | प्र.जि.अ | अद्यावधिक खोज तथा उद्धार टोलीको सूची उपलब्ध भएको हुने छ । |
| ६. | मनसुनका कारण घट्न सक्ने विपद् जोखिम न्यूनिकरणका लागि | सुरक्षा निकाय, जिल्ला विपद् व्यवस्थापन | असार | जिल्ला समन्वय समिति प्रमुख, | संकलित सामग्रीको सूची उपलब्ध भएको हुनेछ । |



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | आवश्यक न्यूनतम खोज,उद्दार तथा राहत सामग्रीको व्यवस्थापन गर्ने । | समिति,<br>नेपाल रेडक्रस सोसाइटी<br>तनँहू उध्योग वाणिज्य संघ र स्थानीय तहहरु | | प्र.जि.अ | |
| ७. | जिल्ला तथा स्थानीय स्तरमा मौजुदा रहेको आपतकालीन उद्धार सामग्रीको सूची अद्यावधिक राख्ने । | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय<br>विपद् सम्पर्क व्यक्ति<br>सुरक्षा निकाय | जेष्ठ | जिल्ला समन्वय समिति प्रमुख<br>प्र.जि.अ | आपतकालीन उद्धार सामग्रीको सूची अद्यावधिक भएको हुने छ । |
| ८. | जिल्लामा अवस्थित एम्बुलेन्सको सूची अद्यावधिक राख्ने | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय<br>जिल्ला स्वास्थ्य कार्यालय | वैशाख | प्र.जि.अ<br>प्रमुख जनस्वास्थ्य अधिकृत | एम्बुलेन्सको अद्यावधिक सूची उपलब्ध भएको हुने छ । |
| ९. | खोज तथा उद्धार क्षेत्रका तालिम प्राप्त दक्ष जनशक्तिहरुको विवरण अद्यावधिक गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति सचिवालय, सुरक्षा निकायहरु,<br>नेपाल रेडक्रस सोसाइटी तथा विपद् सम्पर्क व्यक्तिहरु | जेष्ठ | जिल्ला समन्वय समिति प्रमुख,<br>प्र.जि.अ/सुरक्षा निकायहरुका प्रमुखहरु,<br>रेडक्रस सभापति | तालिम प्राप्त दक्ष जनशक्तिको अद्यावधिक विवरण उपलब्ध भएको हुने छ । |
| १०. | मनसुनमा घट्न सक्ने विभिन्न प्रकोपको बारेमा प्रचार प्रसार गर्ने । | स्थानीय विपद् व्यवस्थापन समिति तथा स्थानीय संचार माध्यम | जेष्ठ देखि भाद्रसम्म | प्रमुख/अध्यक्ष स्थानीय तहहरु/ ,नेपाल पत्रकार | प्रचार प्रसारमा प्रयोग भएको श्रव्य/दृष्य तथा छापिएको सामग्री उपलब्ध भएको हुने छ । |

सहायक प्रमुख जिल्ला अधिकारी



प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | महासंघ | |
| ११. | उद्धार तथा राहतको लागि आवश्यकता अनुसार सरोकारवालाहरुको समन्वय बैठक बस्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र सहयोगी निकाय | आवश्यकतानुसार | प्र.जि.अ, प्रमुख स्थानीय तह, राजनैतिक दल | बैठकको माइन्युट प्रति उपलब्ध भएको हुने छ । |
| १२. | जोखिम देखिएको स्थान तथा समुदायमा राहत सामग्री वितरण गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति र सहयोगी निकाय | आवश्यकतानुसार | जिल्ला समन्वय समिति, प्र.जि.अ | वितरण भएको सामग्रीको भरपाई र प्रगति प्रतिवेदन उपलब्ध भएको हुने छ । |
| १३. | अविरल वर्षाका कारण विभिन्न प्रकोपबाट प्रभावित हुन सक्ने समुदायको अवस्थाबारे निरन्तर जानकारी लिने दिने । | जिल्ला विपद् व्यवस्थापन समितिको सचिवालय, स्थानीय विपद् सम्पर्क व्यक्ति, जिल्ला आपतकालिन कार्य संचालन केन्द्र, सञ्चार माध्यम | विपद्को घटना घटे पश्चात निरन्तररुपमा | स्थानीय तहहरुका प्रमुख तथा अध्यक्षहरु/ प्रमुख जिल्ला समन्वय समिति /प्रमुख राजनैतिक दल | प्रभावितहरुको विवरण उपलब्ध भएको हुने छ । |
| १४. | मनसुनका कारण विपद् जोखिमका घटना घटेको खण्डमा प्रभावित गर्भवती, सुत्केरी महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्त व्यक्तिहरुको तथ्यांक अध्यावधिक गरी अवस्थाबारे जानकारी लिने । | गाँउपालिका र नगरपालिका कार्यालयहरु | विपद्को घटना घटे पश्चात निरन्तर रुपमा | स्थानीय विपद् व्यवस्थापन समिति | अद्यावधिक भएको घटनाहरुको विवरण उपलब्ध भएको हुने छ। |
| १५. | राहत वितरणलाई प्रभावकारी बनाउन तथा दोहोरिन नदिन समन्वय, | जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् | आवश्यकतानुसार | जिल्ला समन्वय समिति | समन्वय बैठक तथा सुपरिवेक्षणको प्रगति विवरण उपलब्ध भएको हुने |

सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी

| | | | | | |
|---|---|---|---|---|---|
| | व्यवस्थापन तथा सुपरिवेक्षण गर्ने । | व्यवस्थापन समितिहरु | | | छ । |
| १६. | प्रभावित हुन सक्ने समुदायको स्वास्थ्य सेवा प्रवाहलाई प्रभावकारी ढंगले संचालन गर्न निर्देशन दिने । | जिल्ला स्वास्थ्य कार्यालय | विपद्को सूचना प्राप्त गर्नसाथ | जिल्ला स्वास्थ्य कार्यालय | बैठकको निर्णय तथा पत्रचार भएको प्रति उपलब्ध भएको हुनेछ । |
| १७. | मनसुनको आपतकालीन कार्य योजना कार्यान्वयनको प्रगति प्रतिवेदन तयार पार्ने र तालुक निकायमा पेश गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति ,स्थानीय विपद् व्यवस्थापन समिति र विषयगत क्षेत्र अगुवा कार्यालयहरु | आश्विन | प्र.जि.अ,/स्थानीय तहहरुका प्रमुख/अध्यक्ष | प्रगति प्रतिवेदन उपलब्ध भएको हुनेछ । |
| १८. | समिक्षा बैठक बस्ने । | प्र.जि.अ तथा स्थानीय तहका प्रमुखहरु | आश्विन | प्र.जि.अ | समिक्षा बैठकको निर्णय प्रति उपलब्ध भएको हुनेछ । |

सहायक प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी